नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

प्रधान कार्यालय

प्रधान कार्यालय
..............................
धर्मपथ, काठमाडौं

## प्रेस विज्ञप्ति

### नेपाल बैंक लिमिटेडको उत्कृष्ट कर्जा योजनाहरू बजारमा

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले बजारको माग र चाहना बमोजिम नेपालको बैंकिङ बजारमा सर्वाधिक न्युन ब्याजदर ७.७० मा ने.बै.लि. सर्वसुलभ आवास कर्जा ल्याएको छ । ने.बै.लि. सर्वसुलभ आवास कर्जा अन्तर्गत ग्राहकले घर खरिद, नयाँ घर निर्माण, घर मर्मत, सम्भार, जिर्णोद्वार तथा अन्य बैंकको कर्जा खरिद (Loan Swap) र अपार्टमेन्ट समेत खरिद गर्न सक्नेछन् । बैंकले ५ वर्षदेखि २५ वर्षसम्मको भुक्तानी अवधि तोकि सेवा शुल्कमा अधिकतम ३३.३३ प्रतिशतसम्म छुट प्रदान गरी रू. ५ लाखदेखि अधिकतम २ करोडसम्म कर्जा उपलब्ध गराउने भएको छ ।

यसका अतिरिक्त बैंकले ने.बै.लि.समृद्ध व्यवसाय कर्जा, ने.बै.लि.अटो लोन लगायत विभिन्न कर्जाको ब्याजदर समेत उल्लेख्य प्रतिशतले घटाएको छ । कर्जा सिमा रू.१० करोडसम्म रहेको ने.बै.लि.समृद्ध व्यवसाय कर्जाको ब्याजदर ८.२८ प्रतिशत रहेको छ भने व्यवसायिक ग्राहकहरुले चालुपूँजी तथा स्थिरपूँजी व्यवस्थापनको लागि यो कर्जा उपभोग गर्न सक्नेछन् ।

त्यसैगरी नयाँ गाडी खरिदको लागि ५ र ७ वर्ष भुक्तानी अवधि राखि बैंकले प्रवाह गर्ने ने.बै.लि. अटो कर्जाको ब्याजदर हाल ७.७८ प्रतिशत रहेको छ ।

हाल नेपालभर २२९ शाखा, ६० एक्स्टेन्सन काउण्टर र २०५ एटिएम काउण्टरबाट सेवा सञ्चालन गरिरहेको यस बैंकले आफ्नो ऐतिहासिक विरासतलाई कायम राख्दै अत्याधुनिक प्रविधिलाई आत्मसाथ गर्दै समयानुकूल थप सरल र सहज ग्राहक सेवा प्रदान गर्न बैंक सधैं कटिबद्ध रहेको छ ।

२०८१/०६/१४ गते, सोमबार ।

भवदीय,

(होम बहादुर खड्का)
प्रवक्ता

फोन : ०१ - ४२४७५५५, ४२३५८८८
टोल फ्री नं. : १६६००१३७३७३
नेपालको पहिलो बैंक
E-mail : info@nepalbank.com.np | Website : www.nepalbank.com.np